**Information Leaflet "Considering Adoption" in NEPALI**
**Translated in November 2010**

# गोद लिने (एडप्शन) विषयमा जानकारी

## एडप्शन सेवा के हो?

- एडप्शन सेवाको उद्देश्य भनेको मातापिताहरुले देखभाल गर्न नसक्ने अथवा गर्न नचाहेका बच्चाहरुका लागि उनीहरु वयस्क हुन्जेलसम्म स्थायी तथा स्थिर घर परिवारको खोजी गर्नु हो।
- गोद लिनु भनेको प्रत्येक गोद लिने व्यक्तिका लागि आजीवन प्रतिवद्धता हो।
- गोद लिने व्यवस्थामा हामीले विचार गर्ने सबभन्दा मुख्य कुरा बच्चाहरुको सर्वोपरि हित हो।

## गोद लिने आवश्यकता पर्ने बच्चाहरु को को हुन्?

- यी बच्चाहरु एक्लो छाडिएका वा अविवाहित मातापिताबाट जन्मेका, मानसिक रोगी वा अपांग, अथवा लागु पदार्थको दुर्व्यसनमा लागेका हुनसक्छन्।
- यी बच्चाहरुको पनि पारिवारिक जीवन बिताउने तथा एउटा स्नेहमयी तथा पालन पोषणपूर्ण वातावरणमा हुर्कने उत्तिकै आवश्यकता हुन्छ।

## कस्ता व्यक्तिहरु सफल आवेदक बन्नसक्छन्?

यस्ता आवेदकहरुः

- कमसेकम 25 वर्ष पुगेको र बच्चालाइ गोद लिन साथै मातापिताको भूमिका निभाउन आजीवन प्रतिवद्धता व्यक्त गर्नसक्ने परिपक्व,
- कुनै गम्भिर रोग/अपांगता रहित शारीरिक तथा मानसिक रुपमा स्वस्थ भएर स्वतंत्र हुन्जेलसम्म बच्चाहरुको देखभाल गर्नसक्ने,
- बच्चाहरुलाई आवश्यक मार्गनिर्देश प्रदान गर्नसक्ने हुनलाइ कमसेकम 6 कक्षासम्म पढेर सामान्य शिक्षा हासिल गरेका,

- स्थिर रोजगार तथा आर्थिक स्थिति हुनका साथै बच्चालाइ हुर्काउन एउटा स्थिर बसोबास बनाएका,
- सामाजिक वातावरण तथा सामुदायिक स्रोतहरुसित परिचित बन्नलाइ हंगकंगमा 12 महिना वा बढी बसेका, र गोद लिने प्रक्रिया पूरा गर्न लगातार 12 महिना वा बढी बस्नसक्ने,
- बच्चाहरुलाइ स्थिर घर परिवार उपलब्ध गर्न स्थिर वैवाहिक जीवन (कमसेकम 3 वर्ष) भएका विवाहित जोडी, तथा
- कुनै आपराधिक कृयाकलापमा संलग्न नभएका।

## बच्चाको गोद लिने व्यवस्था कसले मिलाउनसक्छ?

- गोद लिने अध्यादेश अनुसार, सामाजिक कल्याण निर्देशक, एउटा मान्यताप्राप्त निकाय वा अदालतको आदेशबमोजिम काम गर्ने कुनै व्यक्तिले असम्बन्धित गोद लिने आवेदनउपर कारबाही गर्न र बच्चाको गोद लिने व्यवस्था मिलाउनसक्छन्।
- माथि उल्लेखित व्यक्तिबाहेक कसैलै पनि बच्चाको गोद लिने व्यवस्था मिलाउन अथवा बच्चालाइ गोद लिनका लागि राख्न सक्दैनन्। साथै, माथि उल्लेखित व्यक्ति वा निकायबाहेक कुनैपनि व्यक्तिका लागि हंगकंगमा बस्ने कुनै बच्चालाइ हंगकंगबाहिर कुनैपनि स्थानमा बच्चाको मातापिता वा आफन्त बाहेक कुनैपनि व्यक्तिद्वारा गोद लिने उद्देश्यले लैजानु वा पठाउनु गैर कानूनी हुनेछ। उल्लंघन गर्ने व्यक्ति अपराधको दोषी मानिनेछ तथा यसो गरेमा जरिमाना र कैदको सजाय हुनसक्छ।

## गोद लिने आवेदकहरुले कुन कुन प्रक्रिया पूरा गर्नुपर्छ?

- आवेदकहरु (विवाहित जोडी/एक्लो व्यक्ति) हरुको उपयुक्त गोद लिने मातापिता बन्नसक्ने क्षमताको जाँच गर्न साथै गोद लिने अध्यादेश बमोजिम कानूनी प्रक्रिया पूरा गर्न एउटा विस्रित घरेलु अध्ययन प्रक्रिया पूरा गर्नुपर्छ।
- मूल्याङ्कनमा आवेदकको व्यक्तित्व, रुचि, प्रारम्भिक जीवनको अनुभवहरु, समस्याको समाधान गर्नसक्ने क्षमता, वैवाहिक स्थिरता, मातापिताका रुपमा भावना र क्षमता, गोद लिने प्रेरणा, आवश्यकताहरुको पूर्ति, गोद लिइने बच्चाको क्षमताको विकास गर्ने क्षमता आदिको जाँच गरिन्छ।
- आवेदकहरुले एउटा अनिवार्य आपराधिक विवरण जाँच प्रक्रिया पूरा गर्नुपर्छ।

- गोद लिने कार्य बच्चाको सर्वोपरि हितमा भएको सुनिश्चित गर्ने उद्देश्यले गोद लिने आदेश प्रदान गर्नुपूर्व अदालतले हरेक आवेदनहरुको जाँच गर्नेछ।

## शुल्क

- सामाजिक कल्याण निर्देशकलाइ गोद लिने आवेदनमा गोद लिइने बच्चाको एड लिटेम अभिभावकका रुपमा नियुक्त गरिएको मुद्दाहरुमा, HK$3,970* को एउटा रकम लाग्नेछ। (*नियमित संशोधनअनुसार हुने गर्दछ)

## सेवा सकिने

निम्न परिस्थितिहरुमा एडप्शन निकायद्वारा उपलब्ध सेवा समाप्त हुनेछ:

- सम्पूर्ण आवश्यक गोद लिने प्रक्रियाहरू पूरा भएको, गोद लिने आदेश प्रदान गरिएको र आवेदकलाइ एडप्शन निकायको कुनै थप सेवाको जरुरत नपरेको।
- आवेदकहरुले आफ्ना सामाजिक कार्यकर्ताहरुसित विस्तारमा छलफल गरेपछि गोद लिने प्रक्रिया बन्द गर्न चाहेको।
- आवेदक गोद लिनका लागि अयोग्य ठहर भएको।

*यदि तपाईं गोद लिने आवेदन गर्न इच्छुक भएमा अथवा–प्रक्रियाबारे विस्तारमा जान्न चाहेमा, कृपया हाम्रो इन्टैक वर्करलाइ यहाँ सम्पर्क गर्नुहोला:*

*फोन: 35951935*

*फ्याक्स: 35950025*

*इमेल: auenq@swd.gov. hk*

*हुलाक: Adoption Unit, Social Welfare Department, Room 201, 2/F.,North Point Government Offices,
333 Java Road, North Point, Hong Kong*